अब म, आगामी आर्थिक वर्षको बजेटका मुख्य मुख्य क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्तुत गर्न चाहन्छु ।

## ३८. सामाजिक विकास तर्फ

### क. जनस्वास्थ्य

नगरवासीको स्वास्थ्य र समृद्ध जीवनशैलीलाई सुनिश्चित गर्ने लक्ष्यसहित नगरपालिकाले विगत देखिनै निरन्तर रुपमा जनस्वास्थ्य क्षेत्रलाई प्राथमिकता दिँदै आएको छ । आगमी आर्थिक वर्षमा नगरभित्र स्वास्थ्य पूर्वाधारको सुदृढीकरण, गुणस्तरीय सेवा प्रवाह र जनस्वास्थ्य सम्बन्धी चेतनामूलक कार्यक्रमलाई अझ सशक्त बनाउने उद्देश्य लिइएको छ । जसको लागि प्रसुती पोषण भत्ता (बु.न.पा अन्तर्गत बर्थिंग सेन्टरमा प्रसुती हुने महिलाहरुलाई रु ३५००का दरले), नवजात,मातृ स्वास्थ्य  प्रबर्द्धनात्मक कार्यक्रम, Ultrasound तथा आँखा जाँच संचालन परामर्श खर्च, नागरिक आरोग्य केन्द्र सबलिकरण, स्वास्थ्य संस्थाहरुको लागि औषधि तथा स्वास्थ्य उपकरण खरिद, मनोसामाजिक स्वास्थ्य प्रबर्धन कार्यक्रम, समुदायिक बिधालयका बिधार्थीहरुको स्वास्थ्य पूर्वपरिक्षण तथा बिधालय स्तरीय स्वास्थ्य शिक्षा प्रर्वद्धन, कुष्ठरोग प्रभावित, बिपन्न वर्ग तथा पिछडिएका समुदायहरुका लागि स्वास्थ्य प्रबर्धन कार्यक्रम, नसर्ने रोग सम्बन्धि निदानात्मक,पूर्व परिक्षण,स्वस्थ्य मुटु तथा महिलाहरुको प्रजनन रुग्नता सम्बन्धी शिबिरहरु, जेष्ठ नागरिकहरुलाई निमोकोकल भ्याक्सिन लगायत स्वास्थ्य प्रर्वद्धन कार्यक्रम, जैविक प्रतिरोधात्मक सम्बन्धि सचेतना कार्यक्रम संचालन, नि:शुल्क रक्त ब्यबस्थापन खर्च, परिवार योजना कार्यक्रम, लामो अबधिको परिवार योजना सेवा कार्यक्रम संचालन, महिलाहरुको लागि प्रजनन  तथा मेनोपज लक्षित स्वास्थ्य प्रबर्धन कार्यक्रम, जलन सम्बन्धी समुदाय स्तरिय सचेतना कार्यक्रम, नियन्त्रण तथा सचेतना कार्यक्रम स्वास्थ्यकर खाध पदार्थ खरिद तथा बिक्रि वितरण नीतिको कार्यन्वयन, स्वास्थ्य भान्सा अभियान लगायतका कार्यक्रम संचालनको लागि १ करोड ७५ विनियोजन गरेको छु ।

साथै, बुढानीलकण्ठ नगरवासीहरूलाई गुणस्तरीय, सरलर सुलभ स्वास्थ्य सेवा उपलब्ध गराउने अभिप्रायले सञ्चालित बुढानीलकण्ठ नगर अस्पताल नगरपालिकाको प्रमुख प्राथमिकतामा रहेको छ । चालू आर्थिक वर्षमा २४ घण्टा संचालनको लागि अस्पतालमा जनशक्ति व्यवस्थापन,

कार्यक्रम संचालन गर्न नगरको समग्र शिक्षा क्षेत्रमा रु. ९ करोड विनियोजन गरेको छ । साथै, संस्थागत विद्यालय साझेदारी तथा छात्रवृत्तिलाई पूर्णरुपमा कार्यान्वयनको व्यवस्था मिलाएको छ । संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीलाई विद्यालय स्वास्थ्य कार्यक्रम तथा शिक्षकहरुलाई न्यूनतम पारिश्रमिक तथा सामाजिक सुरक्षामा आवद्धता अनिवार्य गर्ने व्यवस्था गरेको छ ।

**ग. युवा तथा खेलकुद**

युवा पुस्ता राष्ट्र निर्माणका लागि अपरिहार्य शक्ति हो । तिनको सिर्जनशीलता, क्षमताको विकास तथा सकारात्मक सशक्तिकरणका लागि बुढानीलकण्ठ नगरपालिकाले विभिन्न कार्यक्रमहरू गर्दै आएको छ । वडा स्तरमा युवा परिचालन तथा अभिमुखीकरण, "Project समृद्दि" अन्तर्गत गरिने विभिन्न कार्यक्रमहरु, बुढानीलकण्ठ Youth summit, "Clean Municipality Youth Initiative"कार्यक्रकम, आर्टिफिसियल इन्टलिजेन्स(ए.आई.), नवयुवा सीप ज्ञान, उद्यमशिलता प्रर्वद्धन कार्यक्रम र सुचना प्रविधि अन्तरपुस्ता संवाद, लगायतका विविध कार्यक्रमहरु संचालन गर्न रु. ५० लाख विनियोजन गरेको छु । साथै, खेलकुद क्षेत्रले युवालाई अनुशासन, सहकार्य र नेतृत्व क्षमताको विकासमा योगदान दिने भएकाले यस क्षेत्रलाई प्राथमिकतामा राखेको छु । त्यसको लागि अन्तर्राष्ट्रिय प्रतियोगितमा सहभागी हुन जाने खेलाडीका लागि प्रोत्साहन सहयोग, नगरपालिका स्तरमा खेलकुद प्रतियोगिता आयोजना, मेयर कपको आयोजना, खेलाडी सम्मान लगायतका कार्यक्रमको लागि समग्रमा नगरको खेलकुद विकासका लागि रु. ५० लाख विनियोजन गरेको छु ।

***समग्रमा युवा तथा खेलकुद क्षेत्रमा रु. १ करोड बजेट विनियोजन गरेको छु ।***

**घ.जनसंख्या तथा सामाजिक समावेशीकरण/संघ संस्था समन्वय/पञ्जिकरण**

जनसंख्याको विविधता र सामाजिक समावेशीकरण स्थानीय विकासको आधार हो भन्ने मान्यता अनुरूप यस नगरपालिकाले सबै समुदायको समान सहभागिता सुनिश्चित गर्न विविध कार्यक्रमहरू संचालन गर्दै आएको छ । नगर क्षेत्रमा रहेका महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्तिहरू, सीमान्तकृत र पिछडिएको वर्गको पहिचान, सहभागिता र सशक्तीकरणमा विशेष ध्यान दिइनेछ । सामाजिक विकासका बृहत्तर क्षेत्रहरुमा भएका काम, अनुभव तथा असल र प्रेरेणादायी कार्यक्रमहरुको प्रसार र प्रर्वद्धनका लागि सामाजिक विकास सम्मेलन गर्न आवश्यक

व्यवस्था मिलाएको छ । यसका लागि नीति निर्माण, प्रणाली स्थापना तथा सबलीकरण( महिला,बालबालिका,ज्येष्ठ नागरिक अपाङगता), बीउ पुंजी कोषमा थप र परिचालन, महिलाहरुको सीप, क्षमता अभिवृद्धि कार्यक्रम, महिलाको जीविकोपाजर्न सुधार कार्यक्रम वस्तुगत टेवा समेत ( विपन्न, एकल ,दलित ,जनजाती, अपाङ्गता एच. आई. भी., द्वन्द पिडित), सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार प्रवर्द्धन, मनोविमर्श सेवा प्रवाह, जेड्सी.परीक्षण, अभिलेखीकरण, सहजीकरण, बालमैत्री स्थानीय शासन प्रर्वद्धन कार्यक्रम, विपन्न लक्षित कार्यक्रम, ज्येष्ठ नागरिकको हक अधिकार प्रवर्द्धन कार्यक्रम, मानव अधिकार प्रवर्द्धन कार्यक्रम, अपाङ्गता अधिकार प्रवर्द्धन कार्यक्रम, ज्येष्ठ सहायता कक्ष, स्तनपान कक्ष व्यवस्थापन, सहयोगापेक्षी सडक मानवमुक्त बुढानीलकण्ठ अभियान निरन्तरता लगायतका कार्यक्रमहरू संचालन गरिनेछ । यसको लागि समाजिक समावेशीकरण तथा सशक्तीकरण कार्यक्रम अन्तर्गत रु. १ करोड ४ लाख विनियोजन गरेको छ ।

नगर क्षेत्र भित्र कार्यरत **गैर सरकारी संघ संस्थाहरुको** प्रभावकारी नियमन गरी नगरको विकास र सम्बृद्धिमा सहकार्यमुलक वातावरण तयार गर्न संघ संस्था समन्वय, सहकार्य ( अन्तरक्रिया, समीक्षा), संघ संस्था अनुगमन मुल्यांकन, टोल विकास संस्थाको क्षमता अभिवृद्धि लगायतका कार्यक्रम संचालन गर्न रु. २० लाख विनियोजन गरेको छु। साथै नगर भित्र संचालित संघसंस्थाको कार्यक्रमलाई नगरपालिकाबाट स्वीकृत र वार्षिक योजनामा समावेश गर्न अनिवार्य गरेको छु ।

**सामाजिक सुरक्षा कार्यक्रमलाई** प्रभावकारी वनाउन व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धी ऐन नियम तथा दर्ता प्रणालीबारे कर्मचारीहरुलाई तालिम र पुर्नताजगी कार्यक्रम, व्यक्तिगत घटना दर्ता दिवस/सप्ताह कार्यक्रम, लाभग्राहीहरुका लागी सामाजिक सुरक्षा भत्ता उपयोग सम्बन्धी अनुशिक्षण कार्यक्रम, सामाजिक सुरक्षा भत्ता वितरण प्रभावकारीताका लागि बैकहरुसंग अन्तर्कया, सामाजिक सुरक्षा भत्ता नवीकरण सम्बन्धी अभिमुखीकरण तथा घुम्ती शिविर लगायतका कार्यक्रम संचालन गर्न रु. २६ लाख विनियोजन गरेको छु । समग्रमा जनसंख्या तथा

सामाजिक समावेशीकरण/संघ संस्था समन्वय/पञ्जिकरण क्षेत्रमा रु. १ करोड ५० लाख विनियोजन गरेको छु ।

**ङ. भाषा तथा संस्कृति**

हाम्रो नगरपालिका बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक विशेषता बोकेको नगर हो। नगर क्षेत्रभित्र बसोबास गर्ने विभिन्न समुदायहरूको मौलिक भाषा, धर्म, परम्परा, संस्कार, कला, लिपि, पोशाक, पर्व तथा जीवनशैलीहरू हाम्रो साझा सम्पदा हुन्। यी बहुमूल्य सम्पदाको संरक्षण, प्रवर्द्धन तथा पुस्तान्तरण गर्नु वर्तमान पुस्ताको ऐतिहासिक जिम्मेवारी हो भन्ने दृढ विश्वासका साथ यस नगरपालिकाले बुढानीलकण्ठ साँस्कृतिक प्रतिष्ठान गठन गरि भाषा तथा संस्कृति सम्बर्द्धनसम्बन्धी कार्यक्रमहरूलाई प्राथमिकता दिएको छ। त्यस्तै, नगरपालिका क्षेत्रभित्र रहेका सांस्कृतिक सम्पदाहरूको संरक्षण एवं पुनर्निर्माण, धार्मिक पर्यटकीय सम्भावना बोकेका स्थलहरूको पूर्वाधार विकास तथा प्रवर्द्धन, नगरको सांस्कृतिक पहिचान उजागर गर्ने कार्यक्रमहरूलाई समेत प्राथमिकतामा राखेको छ। जसको लागि पूर्वाधार निर्माण बाहेक सास्कृतिक क्षेत्रकोप्रर्वद्धनका लागि रु. १ करोड विनियोजन गरेको छु ।

***समग्रमा, नगरको सामाजिक विकासको क्षेत्रमा रु. २६ करोड ७५ लाख विनियोजन गरेको छु ।***

## ३९. आर्थिक विकास तर्फ

**क. कृषि**

नगरपालिकालाई गैहकृषि क्षेत्र घोषणा गरिएतापनि आगमी आर्थिक वर्षको नीति तथा कार्यक्रमले कृषि क्षेत्रलाई प्राथमिकता दिएको छ । जसको लागि आकस्मिक वाली संरक्षण सेवा, ५० प्रतिशत अनुदानमा कृषि यान्त्रिकरण प्रवर्द्धन कार्यक्रम, खाद्य पोषण सुरक्षा र विद्यार्थीहरुमा कृषि प्रति रुचि र सकरात्मक सोचको विकास गर्न कृषि स्कुल फोहोर व्यवस्थापन न्युनिकरणका लागि कम्पोष्ट विन वितरण कार्यक्रम, कौशी खेती गर्ने कृषकका लागि सामाग्री वितरण, माटोको उर्वराशक्ति बढाउन भर्मि कम्पोष्ट मल वितरणको व्यवस्था मिलाएको छु । साथै, नि:शुल्क माटो परिक्षण तथा कृषि चुन वितरण कार्यक्रम, माटोको उर्वराशक्ति तथा संरचना सुधार गरी दिगो कृषि

